## बेनी नगर कार्यपालिकाको बैठकका निर्णयहरु (आ.व.२०७९/०८०, बैठक नं १०)

मिति : २०७९ फागुन २९ गते

**प्रस्तावहरु**

१. सार्वजनिक सुनुवाई तथा दोश्रो चौमासिकको प्रगति समीक्षा सम्बन्धमा
२. मजुवा बगर सम्बन्धमा
३. निर्देशिका पारित तथा संशोधन सम्बन्धमा
   - आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका
   - जग्गा वर्गीकरण सम्बन्धी मापदण्ड
   - खानेपानी मुल दर्ताको कार्यविधि संशोधन
४. लुलिया सिँचाई योजनाको रकम भुक्तानी सम्बन्धमा
५. योजनाको म्याद थप सम्बन्धमा
६. शिक्षा सम्बन्धी कार्यक्रम सम्बन्धमा
   - हामी सक्छौ (we can do) को प्रस्तावना पारित गर्ने
   - राष्ट्रपति रनिङ शिल्डको खर्च अनुमोदन
   - कक्षा ५ र ८ को परीक्षा
   - विषयगत शिक्षक समूह क्षमता विकास तालिम कार्यक्रम सम्बन्धमा
७. यूएनडिपीबाट हस्तान्तरण भएको सफ्टवेयर सम्बन्धमा
८. जेष्ठ नागरिक, महिला तथा बालबालिका पार्क (Fun Park) निर्माण सम्बन्धमा
९. नवीकरणीय उर्जा प्रविधि जडान सम्बन्धी कार्यक्रम सञ्चालन सम्बन्धमा
१०. विविध

**निर्णयहरु :**

१. बेनी नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समिक्षा गरियो। नगरपालिकाबाट भएका सबै खर्चहरु अनुमोदन गर्नुका साथै कार्यपालिकाका निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने निर्णय गरियो ।

२. बेनी नगरपालिकाको आ.व. २०७९।८० को दोस्रो चौमासिकमा सम्पन्न भएका विकास निर्माण तथा सेवा प्रवाहका सम्बन्धमा प्रगति समिक्षा सहितको सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०७९।१२।१० गते बेनी नगरपालिका ६ नं. वडा कार्यालय, अर्थुङ्गेमा गर्ने गरी आवश्यक व्यवस्थापन गर्ने निर्णय गरियो ।

३. बेनी नगरपालिकाबाट तर्जुमा गरी आजको बैठकमा पेश भएको बेनी नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन, २०७९ तथा बेनी नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

४. बेनी नगरपालिका वडा नं ९ गलेश्वर मजुवा स्थित कालीगण्डकी र रघुगंगा नदीको दोभानमा वर्षेनी बाढी आउने गरेका कारण गलेश्वर बजारस्थित बेलीब्रिजमा क्षति भएको र सो नजिक रहेको जलजला २ मजुवास्थित पक्की संरचना रहेको राममन्दिरमा समेत कटान गरी मन्दिर र सत्तलको भौतिक संरचनामा क्षति पुर्याएकोले नदीजन्य पदार्थ हटाउने विषयमा आवश्यक सहयोगका लागि जलजला गाउँपालिकाको च.नं १०४८ मिति २०७९/१०/१० गतेको पत्रबाट अनुरोध भई आएको, बेनी नगरपालिकाको मिति २०७९/०८/०५ गतेको कार्यपालिकाको निर्णय अनुसार अनुमोदन गरिएको प्रारम्भिक वातावरण परीक्षण प्रतिवेदनमा समेत उल्लेखित मजुवा बगरबाट ३६०० घनमीटर बराबरको नदीजन्य पदार्थ उत्खनन् गर्न सकिने उल्लेख भएको, उक्त स्थानमा थुप्रिएको निर्माण सामाग्री नहटाउँदा थप विपदको जोखिम देखिन सक्ने अवस्थालाई मध्यनजर गरी बेनी नगरपालिकाका इन्जिनियर विमलरञ्जन कार्कीले पेश गरेको प्राविधिक प्रतिवेदनका आधारमा उल्लेखित स्थानमा रहेको निर्माण सामाग्री निकाल्नुपर्ने अवस्था देखिएकोले निर्माण सामाग्री उत्खनन् अनुमतीका लागि जिल्ला विपद व्यवस्थापन समितिमा लेखिएको कार्यलाई समर्थन गरियो र उक्त स्थानबाट निर्धारित परिमाणको निर्माण सामाग्री उत्खननका लागि आवश्यक प्रकृया अघि बढाउने निर्णय गरियो ।

५. बेनी नगरपालिका अन्तर्गत रहेका जग्गाहरु भूउपयोग ऐन, २०७६ तथा नियमावली, २०७९ बमोजिम विभिन्न दशवटा वर्गमा वर्गीकरण गर्ने प्रयोजनका लागि तयार गरिएको बेनी नगरपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरू, २०७९ बैठकमा जानकारी भयो । सबै वडा कार्यालयबाट सो सम्बन्धमा वडा समिति र आवश्यकता अनुसार अन्य सरोकारवालासँग परामर्श छलफल गरी आगामी कार्यपालिका बैठकमा निर्णय सहित पेश गर्ने निर्णय गरियो ।

६. बेनी नगरपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता संस्था व्यवस्थापन कार्यविधि संशोधनका विषयमा छलफल गरियो । सो सम्बन्धमा थप अध्ययन गरी संशोधन प्रस्ताव आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

७. बेनी नगरपालिका, वडा नं. ४ को वन वातावरण तथा विपद व्यवस्थापन शीर्षकबाट लुलिया पहिरो नियन्त्रण तथा फापरखेत सिँचाई मर्मत योजना लुलिया सिँचाई योजनाको लागि विनियोजित रकम रु ३ लाखबाट निर्माण कार्य सम्पन्न गरिएकोमा उक्त स्थानमा मनसुनजन्य विपदका कारण निर्माण सम्पन्न भएको सिँचाई कुलो भत्केको भन्ने वडा कार्यालयको सिफारिश र प्रहरी मुचुल्का समेतबाट खुल्न आएको र उक्त कार्यका लागि निर्धारित लागत अनुमान बमोजिमको सम्पूर्ण काम सम्पन्न भएको भनी वडा कार्यालयबाट सिफारिश सहित भुक्तानीका लागि लेखि आएकोले सो सम्बन्धमा साबिकको कार्यको प्राविधिक मूल्याङ्कन गराई उल्लेखित रकम भुक्तानी गर्ने निर्णय गरियो ।

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

८. बेनी नगरपालिकाबाट सञ्चालित देहाय बमोजिमका योजनाहरु विविध कारणबाट समयमा सम्पन्न हुन नसकेकोले देहायको अवधिका लागि म्याद थप गर्ने निर्णय गरियो ।

| सि नं | योजनाको नाम | म्याद थप गर्ने अवधि | कैफियत |
|---|---|---|---|
| १ | जामुनाखर्क एकीकृत खानेपानी योजना | २०८० बैशाख मसान्त | कम भएको कामको भेरिएशन आदेश जारी गरी लागत अनुमान घटाउने |
| २ | खबरा खानेपानी योजना | २०८० बैशाख मसान्त | |
| ३ | गौश्वारा तमाने खानेपानी योजना | २०८० बैशाख मसान्त | |
| ४ | राउवडा सल्लेरी खानेपानी योजना | २०८० बैशाख मसान्त | |
| ५ | रावण पार्क निर्माण | २०८० फागुन मसान्त | |
| ६ | चिनाखेत झोलुङ्गे पुल | २०७९ चैत्र १५ गतेसम्म | |
| ७ | ठुलो खोला झोलुङ्गे पुल | २०७९ चैत्र १५ गतेसम्म | |

९. बेनी नगरपालिका एक वडा एक नमूना विद्यालय कार्यक्रम अन्तर्गत बेनी नगरपालिकाका प्रत्येक वडाको कुनै एक एक वटा विद्यालय छनौट गरी नमूना विद्यालय निर्माण गर्न शिक्षा शाखाबाट पेश भएको "हामी सक्छौं (We Can Do)" को प्रस्तावना पारित गर्ने निर्णय गरियो ।

१०. म्याग्दी जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा भएको देहायका खर्चहरु अनुमोदन गर्ने निर्णय गरियो । रकम भुक्तानी साबिकको कार्यपालिकाको निर्णय अनुसारका शीर्षकबाट गर्ने निर्णय गरियो ।

| सि नं | खर्च शीर्षक | खर्च भएको रकम रु | कैफियत |
|---|---|---|---|
| १ | खेलाडी खाना खाजा विविध | १७१३५९।- | |
| २ | खेलाडी तथा प्रशिक्षक पोशाक | १६५८००।- | |
| ३ | प्रशिक्षक तथा अफिसियल भत्ता | ३४५००।- | |
| ४ | विद्यार्थी पुरस्कार | ७८५००।- | |
| | जम्मा | ४५०१९५।- | |

११. बेनी नगरपालिका अन्तर्गत रहेका विभिन्न सामुदायिक तथा संस्थागत विद्यालयहरुले कक्षा तथा तह थपका लागि आवेदन दिएकोमा उक्त विद्यालयहरुको स्थलगत अनुगमन गरी मिति २०७९/११/२८ गतेको नगर शिक्षा समितिबाट सिफारिश साथ पेश भए बमोजिम देहायका विद्यालयहरुको तपसिल बमोजिमको कक्षा तथा तह थप गर्ने निर्णय गरियो ।

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

| सि नं | विद्यालयको नाम | थप गरिएको कक्षा/तह | कैफियत |
|---|---|---|---|
| १ | बालमन्दिर आधारभूत विद्यालय, बेनपा ८ | माध्यमिक तह (कक्षा ९) | |
| २ | सरस्वती आधारभूत विद्यालय, बेनपा २ | कक्षा ७ | |

१२. बेनी नगरपालिका नगर शिक्षा समितिबाट मिति २०७९/११/२८ गते भएका सबै निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

१३. बेनी नगरपालिकाको आ.व. २०७९/८० मा कार्यान्वयन हुने गरी विनियोजन भएका देहायका योजनाहरुको शीर्षक परिवर्तन तथा खर्च गर्ने गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| सि नं | योजनाको नाम | रकमान्तर गरिएको योजनाको नाम | विनियोजित रकम |
|---|---|---|---|
| १ | दरबन्दी मिलान तथा विद्यालय समायोजन | नगर शिक्षा समिति बैठक खर्च, दरबन्दी मिलान तथा विद्यालय समायोजन | रु १४००००।- |
| २ | विद्यार्थीको सहभागितामा उत्पादनमूलक काम गर्नका लागि आवश्यक सामाग्री खरिद गर्न विद्यालयलाई अनुदान | स्थानीय पाठ्यपुस्तक निर्माण तथा छपाई | रु १०००००।- |
| ३ | राउवडा आमा समूहको भवन रङ्ग रोगन तथा भाडा वर्तन सामाग्री खरिद | राउवडा आमा समूहको शौचालय निर्माण झ्यालमा ग्रिल हाल्ने कार्य | रु २५००००।- |
| ४ | विभिन्न दिवस मनाउने कार्यक्रम (खर्च भई बाँकी रहेको रकम) | विषयगत शिक्षक समूह गठन गरी क्षमता विकास तालिम सञ्चालन | रु ४५०००।- |
| ५ | विद्यालयमा प्र.अ. तथा शिक्षकहरुका लागि विशेषज्ञद्वारा प्राविधिक सहायता कार्यक्रम | स्थानीय पाठ्यपुस्तक निर्माण तथा छपाई | रु १२००००।- |
| ६ | अध्ययन अवलोकन भ्रमण वडा नं ८ | कालीपुल बसपार्क व्यवस्थापन | रु १५००००। |

१४. बेनी नगरपालिकालाई UNDP बाट हस्तान्तरण भएको आर्थिक सामाजिक संकटापन्नता सूचना प्रणाली सफ्टवेयर (Soci-Economics Vulnerability Information Management System SEVIMS) बारे बैठकमा जानकारी भयो । सो सम्बन्धमा वडामा खटिएका स्वयंसेवकहरुबाट तथ्यपरक सूचना संकलनका कार्यलाई सुनिश्चित गर्दै सबै वडा कार्यालयहरुबाट आवश्यक सहयोग एवं सहजीकरण गर्ने निर्णय गरियो ।

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

१५. बेनी नगरपालिकाको बाह्रौ नगरसभाबाट बेनपा ७ मा सार्वजनिक व्यायामशाला निर्माण कार्यका लागि विनियोजन गरेको बजेट रकम रु १२ लाख ५० हजारबाट बेनपा ७ को वडा कार्यालय पछाडी भवन तथा कोठा थप गर्ने कार्यमा खर्च गर्ने गरी वडा समितिबाट निर्णय भई आएकोले सोही बमोजिमको आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

१६. नेपाल सरकार सङ्घीय सशर्त अनुदान अन्तर्गतबाट नवीकरणीय उर्जा प्रविधि जडान शीर्षकमा प्राप्त भएको रकम रु ८ लाख बाट देहाय बमोजिमको कार्य गर्ने गराउने

क) बेनी नगरपालिका, वडा नं. २, ७ र ९ को घाटमा सोलार बत्ती जडान गर्ने ।

ख) घाटमा सोलार जडान पश्चात रकम बाँकी रहेमा वडा कार्यालयहरुमा सोलार बत्ती जडान गर्ने

ग) यसरी वडा कार्यालयमा सोलार बत्ती जडान गर्दा वडा नं १० को कार्यालयबाट क्रमश: गर्दै आउने ।

१७. बेनी नगरपालिकाको सार्वजानिक जग्गाको सम्झौता भाडादर निर्धारण तथा वक्यौता असुली समितिको मिति २०७९।११।२७ गते बैठकले गरेको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

१८. नेपाल सरकारबाट सशर्त अनुदानतर्फबाट प्राप्त आधारभूत तथा आकष्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद शीर्षकमा विनियोजन भएको रकम रु १५ लाख ७५ हजारबाट सार्वजनिक खरिद नियमावली बमोजिम सोझै खरिदको प्रकृया अघि बढाउने निर्णय गरियो ।

१९. प्रस्तुत विषयमा बेनी नगरपालिकाको भूगोल, जनजीविका, ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवम् अन्य विशिष्ट पहिचान झल्किने गरी प्रतिस्पर्धात्मक विधिबाट प्रतिक चिन्ह (Logo) निर्माण गरी प्रयोगमा ल्याउनका लागि बेनी नगरपालिकाको लोगो निर्माण गर्नका लागि इच्छुक व्यक्तिहरुलाई प्रतिक चिन्ह सहित आवेदन पेश गर्न १५(पन्ध्र) दिने सूचना प्रकाशन गर्ने र प्राप्त हुन आएका प्रतिक चिन्हहरुमध्ये उत्कृष्ट प्रतिक चिन्ह मूल्याङ्कनका लागि देहायको मूल्याङ्कन समिति गठन गर्ने निर्णय गरियो।

क) सुरत के.सी., नगर प्रमुख - संयोजक

ख) ज्योती लामिछाने पौडेल, नगर उपप्रमुख - सदस्य

ग) धोलकराज ढकाल, प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) रमेश कुमार श्रेष्ठ, वडाध्यक्ष, ७ नं वडा कार्यालय - सदस्य

ङ) उत्तम कुमार कर्माचार्य, वडाध्यक्ष, ८ नं वडा कार्यालय - सदस्य

च) चक्र बहादुर के.सी., वडाध्यक्ष, ९ नं वडा कार्यालय - सदस्य

छ) कृष्ण कुमार विश्वकर्मा, कार्यपालिका सदस्य - सदस्य

ज) मन कुमारी विश्वकर्मा, कार्यपालिका सदस्य - सदस्य

झ) युवराज थापा, प्रशासकीय अधिकृत - सदस्य सचिव

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

२०. बेनी नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बिन्धी कार्यविधि, २०७४ मा देहाय बमोजिम संशोधन गर्ने र चालु आ.व. मा म्याद नाघेका घ वर्गको निर्माण व्यवसायीको इजाजतपत्र नवीकरण गरिएको कार्यलाई अनुमोदन गर्ने निर्णय गरियो ।

अ. दफा ५ को उपदफा (२) को "यसरी अनुसूची ४ बमोजिमको पास बुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजतपत्र नवीकरण गर्न नगरपालिका बाध्य हुनेछैन । " भन्ने वाक्य हटाउने ।

आ. दफा ५ को उपदफा (३) पछि देहाय बमोजिमको उपदफा **३क.** थप गर्ने

**३क.** कुनै निर्माण व्यवसायीले दफा ३ को अवधिभित्र इजाजतपत्र नवीकरण गराउन नसकेको यथेष्ट प्रमाण सहित नवीकरणका लागि निवेदन पेश गरेमा देहाय बमोजिमको अवधि नाघेका निर्माण व्यवसायीहरुको इजाजतपत्र नवीकरणका लागि देहाय बमोजिमको शुल्क लिई प्रमुख प्रशासकीय अधिकृतले नवीकरण गर्न सक्नेछ ।

i. दफा ३ बमोजिमको अवधि नाघेको २ वर्ष वा सो भन्दा कम भएमा रु २५ हजार
ii. दफा ३ बमोजिमको अवधि नाघेको २ वर्षभन्दा बढी भएमा रु ३५ हजार

इ. दफा ६ को उपदफा (३) हटाउने ।

२१. बेनी नगरपालिकाबाट चालु आ.व. मा कार्यान्वयन गर्ने गरी पूर्वाधार विकास समितितर्फ छनौट भएको वडा कार्यालय खेलमैदान निर्माणका लागि विनियोजित रकम रु २० लाख बोलपत्रका माध्यमबाट गर्दा बढी समय लाग्ने र समयमा सम्पन्न गर्न सकिने अवस्था नदेखिएकोले उक्त योजना उपभोक्ताबाट गराउँदा मितब्ययी र लागत प्रभावकारी देखिने भएको हुँदा उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

२२. मनसुनजन्य विपद वा आगलागीजन्य विपद वा भूकम्पबाट पूर्ण क्षति भएका घर नेपाल सरकारको अनुदानबाट पुनर्निर्माण गराउँदा घरधनीले नियमानुसार नक्शा पास गराउँदा नगरपालिकालाई तिर्नु बुझाउनुपर्ने नक्शा पास दस्तुर छुट दिने निर्णय गरियो ।

२३. साबिक अर्थुङ २ हाल बेनपा ७ बस्ने सन्तप्रसाद बज्राचार्यको छोरा प्रदिप बज्राचार्यको निवेदन बमोजिम विकेन्द्रीत ग्रामीण पूर्वधार तथा जीविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत बेनी पाखापानी सडक निर्माण गर्दा निवेदकका बाबु सन्तप्रसाद बज्राचार्यले कित्ता नं ३८८ को जग्गा सडक निर्माणका लागि निशुल्क दिएकोमा कित्ता काट गर्दा कित्ता नं ३८८ मा बाटो नदेखिई कित्ता नं ३९० मा बाटो देखिएको कारण नक्शा र फिल्डमा फरक व्यहोरा पर्न गएको भनी सच्याउनका लागि निवेदन पेश गरेकोले सो सम्बन्धमा के भएको हो ? नगरपालिकामा कार्यरत अमिन खटाई सो को वास्तविक प्रतिवेदन माग

सुरत के.सी.
नगर प्रमुख

नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

गरी आवश्यक प्रकृया अघि बढाउन उक्त प्रतिवेदन र सो सँग सम्बन्धित अन्य कागजात जिल्ला प्रशासन कार्यालयमा लेखी पठाउने निर्णय गरियो ।

२४. बेनी नगरपालिका अन्तर्गत राष्ट्रिय गौरवका रुपमा सञ्चालित कालीगण्डकी कोरीडोर आयोजना अन्तर्गतको बेनी गलेश्वर खण्डको सडक निर्माण र रुपाताल एकीकृत संरक्षण परियोजनाको तर्फबाट भईरहेको तटबन्धन निर्माणको कार्यमा लाग्ने निर्माण सामाग्री सम्बन्धित आयोजनाहरुबाट कालीगण्डकी नदीबाट नै उत्खनन गरी प्रयोग गरेको पाइएकोले उक्त आयोजनाहरुलाई लागत अनुमान बमोजिम प्रयोग भएको निर्माण सामाग्रीको परिमाण बराबरको गण्डकी प्रदेश सरकारले निर्धारण गरेको दररेटमा कुल मूल्य कायम गरी सो मा २० प्रतिशत रकम थप गरी राजश्व रकम माग गरी पत्राचार गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

२५. मेयरसँग सामाजिक कार्यक्रम अन्तर्गत विनियोजित रकमबाट हालसम्म विभिन्न योजना तथा कार्यक्रम गरी बाँकी रहन आउने रकमबाट देहाय बमोजिमको विद्यालयहरुको भौतिक सुधार तथा सामाग्री खरिदका लागि तपसिल बमोजिमको रकम विनियोजन गर्ने निर्णय गरियो

| सि नं | विद्यालयको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | प्रकाश मावि बेनपा ७ | २ लाख ७५ हजार | |
| २ | बालमन्दिर आधारभूत विद्यालय बेनपा ८ | २ लाख | |
| ३ | जयन्ती मावि, बेनपा ३ | १ लाख ७५ हजार | |

२६. बेनी नगरपालिकाबाट युवा तथा खेलकुद शीर्षकमा विनियोजन भएको रकम रु ८ लाखबाट हालसम्म खर्च भई बाँकी रहेको रकमबाट देहाय अनुसारको खेलकुद प्रतियोगितामा खर्च गर्ने निर्णय गरियो ।

| सि नं | खेलकुद प्रतियोगिताको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | म्याग्दी कप, २०७९ | ७५ हजार | |
| २ | म्याग्दी महोत्सव खेलकुद प्रतियोगिता | ३३ हजार | |

२७. बेनी नगरपालिका ५ नं वडा कार्यालयबाट चालु आ.व. मा कार्यान्वयन गर्ने गरी डडुवा भुतपानी खानेपानी योजना (एक घर एक धारा) का लागि २ लाख रुपैयाँ विनियोजन भएकोमा उक्त रकमबाट मात्र सबै घर समेट्न सकिने अवस्था नदेखिएकोले रु १ लाख थप गर्ने निर्णय गरियो ।

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

२८. बेनी नगरपालिका वडा नं ८ स्थित बसपार्क टर्मिनल भवनको अगीडीको सडक, टर्मिनल भवन र सो को आसपासका संरचनामा आवश्यक व्यवस्थापनका लागि कालीगण्डकी कोरीडोर आयोजनालाई अनुरोध गरी पठाउने निर्णय गरियो ।

२९. बेनी नगरपालिका वडा नं ७ महारानीस्थानस्थित बस्ती, नाली तथा सडक निर्माण योजनाका लागि रु १२ लाख विनियोजन गर्ने निर्णय गरियो । चालु आ.व.मा उक्त रकम भुक्तानी गर्न अपुग हुने अवस्था देखिएमा आगामी वर्षको कार्यक्रममा समावेश गरी खर्च गर्ने निर्णय गरियो ।

३०. बेनी नगरपालिकाभित्रका अशक्त, असहाय, न्यून आय भएका, दीर्घरोगी बिरामीहरुको उपचारमा आर्थिक सहायता गर्ने प्रयोजनका लागि विनियोजन भएको रकम अपुग हुने भएकोले नगरपालिका कोषबाट खर्च गर्ने गरी रु ५ लाख विनियोजन गर्ने निर्णय गरियो ।

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३